# पाठ्यक्रम गतिविधि

## चौमासिक बुलेटिन

कात्तिक २०६४ | वर्ष १० | अङ्क -१


## सम्पादकीय

पाठ्यक्रम विकास केन्द्रले यस केन्द्रमा भए गरेका कार्यहरूको जानकारी सम्बन्धित सबैलाई होस् भन्ने हेतुले चौमासिक रूपमा आफ्ना गतिविधिहरू समावेश गरिएको बुलेटिन प्रकाशन गर्दै आइएको सबैलाई सर्वविदितै छ । राजनीतिक, सामाजिक एवम् विज्ञान र प्रविधिका क्षेत्रमा आएका परिवर्तन एवम् नयाँपनलाई समेट्दै भविष्यका कर्णधारका रूपमा रहेका विद्यार्थीहरूलाई सही मार्गमा डोऱ्याउन व्यावहारिक र जीवनोपयोगी पाठ्यक्रम बनाउन यो केन्द्र हरदम प्रतिबद्ध छ । चौमासिक बुलेटिनको यो अङ्कमा परीक्षण पाठ्यक्रमका बारेमा सङ्क्षिप्त जानकारीका साथसाथै यस केन्द्रका मुख्यमुख्य कार्यक्रमहरू समेत उल्लेख गरिएको छ । त्यसैगरी माध्यमिक तहको पाठ्यक्रम, पाठ्यपुस्तक परिमार्जनसम्बन्धी जानकारी पनि उल्लेख गरिएको छ । त्यस्तै गरेर पाठ्यपुस्तक सबै खाले वर्ग, जातिले खोजेअनुसारको बनाउनका लागि उनीहरूको विचार समेट्ने उद्देश्यले यस केन्द्रले फारामको विकास गरी उनीहरूका सुझाव सङ्कलन गर्ने गरेको छ । यस अङ्कमा उक्त फारामको नमुनासमेत राखिएको छ । साथसाथै शिक्षा क्षेत्रमै पुरानो पुस्तकालय मानिने पाठ्यक्रम विकास केन्द्रको पुस्तकालयका बारेमा पनि सङ्क्षिप्त जानकारी यस अङ्कमा समावेश गरिएको छ । अन्त्यमा यस सानो आकारको बुलेटिनको सुधारका लागि तपाईंका सुझाव अमूल्य मानिने छन् ।

## पाठ्यक्रम विकास केन्द्रको पुस्तकालय : एक परिचय

पुस्तकालय ज्ञानको भण्डार हो, जसले बढी पुस्तकालय प्रयोग गर्छ, उसको ज्ञानको भण्डार अझ वृद्धि हुँदै जान्छ । यस कुरालाई मनन गर्दै पाठ्यक्रम विकास केन्द्रले पनि हजारौं पुस्तकहरू सङ्कलित गरी पुस्तकालय अझ सबल बनाउँदै गइरहेको छ ।

पुस्तकालयले आफ्ना पाठक कर्मचारीहरूलाई मात्र सेवा प्रदान नगरी मन्त्रालयका कर्मचारी, सरकारका विभिन्न अङ्गहरूलाई पनि यसले आफ्नो सेवा प्रदान गर्ने सोचाइ राखेको छ । हाल यस पुस्तकालयमा १६ हजार पुस्तकहरू रहेका छन् ।

सङ्कलन : विशेषत: यस पुस्तकालयमा विद्यालय (प्राथमिकदेखि माध्यमिक) तहसम्मका पाठ्यपुस्तकहरू रहेका छन् । यसका अलावा यस पुस्तकालयमा विभिन्न विषयहरूका जस्तै: शिक्षा, मनोविज्ञान, धार्मिक, भूगोल, इतिहास, विज्ञान, कला, साहित्य, अर्थशास्त्र तथा अन्य समाज विज्ञानसम्बन्धी पुस्तकहरू रहेका छन् । करिब २०० शीर्षकका विभिन्न अनुसन्धानात्मक रिपोर्टहरू सङ्कलन रहेको पाइन्छ ।

मुख्य गरी वि.सं. २०२८ सालदेखि हालसम्ममा प्रकाशित भएका प्राय: सबै गोरखापत्रहरूलाई बाइन्डिङ गरी सङ्कलन गरिएको छ । नेपालबाट प्रकाशित हुने प्राय: सबै दैनिक, साप्ताहिक, पाक्षिक, मासिक पत्रपत्रिकाहरू पनि यस पुस्तकालयमा सङ्कलन रहेको छ ।

पुस्तकालयमा हाल आएर इन्टरनेट इमेलको सुविधा पनि रहेको छ । यसले गर्दा विभिन्न अनलाइन स्रोतका लेखहरूलाई पुस्तकालयले उपलब्ध गराउन सक्ने भएको छ । यस पुस्तकालयले विभिन्न नि:शुल्क उपलब्ध हुने अनलाइन सूचना स्रोत, जस्तै : HINARI, PPR, OARE, AGORA रजिस्टर गरी सकिएको छ, जसले गर्दा विभिन्न विषयका लगभग ८००० विदेशी जर्नलहरू नि:शुल्क पुल टेक्स (pulltext) पुस्तकालयले उपलब्ध गराउन सक्ने भएको छ ।

पुस्तकालयलाई कम्प्युटरको माध्यमबाट व्यवस्थित गर्न UNESCO द्वारा तयार पारिएको पुस्तकालय व्यवस्थापन सफ्टवेयर WINISIS प्रयोग गरी व्यवस्थित गर्ने कार्य भइरहेको छ । उक्त कार्य सम्पन्न भइसकेपछि पुस्तकालयले पाठकहरूलाई उचित सेवा उचित समयमा उपलब्ध गराउन सक्ने छ । पा.वि.के. ले यस पुस्तकालयमा रहेका पुस्तकहरूको सूचीसमेत प्रकाशित गरेको छ ।

## पाठ्यक्रम पाठ्यपुस्तक परिमार्जन

विद्यमान माध्यमिक शिक्षा पाठ्यक्रम २०५५, राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ अनुसार तयार भई शैक्षिक सत्र २०५६/०५७ देखि क्रमश: लागू हुँदै आएको थियो । पाठ्यक्रम तथा पाठ्यसामग्री विकास निर्देशिका २०५९ तथा यस केन्द्रको कार्यप्रक्रियाअनुसार पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूमा सामान्यतया ५ वर्षमा साधारण परिमार्जन र १० वर्षमा व्यापक परिवर्तन गर्ने र सरकारको विशेष निर्देशनका आधारमा पाठ्यक्रम परिवर्तन भएमा बीचबीचमा पनि आवश्यकताअनुसार पाठ्यक्रम पाठ्यपुस्तकमा परिमार्जन हुँदै आएको छ ।

एसएलसी अध्ययन टोलीको प्रतिवेदन, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ एवम् अभिभावक र विद्यार्थीसमेतको राय सुझावका आधारमा नेपाल सरकारले २०६३ सालदेखिको एसएलसी परीक्षा कक्षा १० बाट मात्र लिने निर्णय भई कार्यान्वयन भइसकेको र देशमा भएको राजनीतिक परिवर्तनका कारण संविधान, ऐन, कानुन र विज्ञान तथा सूचना प्रविधिले विषयवस्तु तथा तथ्याङ्कमा ल्याएको परिवर्तन समेतलाई दृष्टिगत गरी पाठ्यक्रममा परिवर्तन गर्नुपर्ने अवस्था सिर्जना हुनुका साथै पाठ्यक्रम लागू भएको समय सीमासमेतका कारणले माध्यमिक तहको पाठ्यक्रममा परिमार्जन गर्दै जाँदा कतिपय विषयका पाठ्यक्रममा धेरै परिवर्तन गर्नुपर्ने अवस्था सिर्जना भएकाले माध्यमिक तहको पाठ्यक्रम परिमार्जन गर्दा साविकको कक्षा ९ र १० मा छुट्टाछुट्टै रूप दिई धेरै प्रतिशत परिमार्जन भएको छ । त्यस्तै नेपाल सरकार बाट अनिवार्य विषयका ६ विषय र ऐच्छिक विषयमध्येका ९ विषय गरी १५ विषयहरूको परिमार्जित पाठ्यक्रम स्वीकृत भइसकेको अवस्थामा सोही परिमार्जित पाठ्यक्रमअनुसार कक्षा ९ र १० का उक्त विषयका पाठ्यपुस्तकको परिमार्जन कार्य चलिरहेको छ ।

यस चौमासिकसम्म अनिवार्य नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक अध्ययन र स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण विषयका कक्षा ९ र १० का पाठ्यपुस्तकहरू परिमार्जन गरी सिआरसी निर्माण कार्य अन्तिम अवस्थामा पुगिसकेको छ भने नौ ऐच्छिक विषयहरू कृषि, लेखा, अतिरिक्त गणित, भूगोल, अर्थशास्त्र, इतिहास, स्वास्थ्य शारीरिक शिक्षा र कम्प्युटर विज्ञान विषयका पाठ्यपुस्तकहरू परिमार्जनको क्रममा रहेका छन् । जेहोस् अनिवार्य ६ र ऐच्छिकमध्येका पनि महत्त्वपूर्ण मानिएका ९ ऐच्छिक विषयका पाठ्यपुस्तकहरू यस वर्ष परिमार्जन गरी आगामी शैक्षिक सत्र २०६५ देखि देशभर कक्षा ९ र १० मा लागू गरिने कार्यक्रम रहेको छ ।

## पाठ्यक्रम विकास केन्द्रका प्रमुख वार्षिक कार्यक्रमहरूको विवरण

आ.व.२०६४/०६५ का यस केन्द्रका प्रमुख वार्षिक कार्यक्रमहरू निम्नानुसार रहेका छन् :

- प्राथमिक शिक्षा पाठ्यक्रम अङ्ग्रेजीमा अनुवाद तथा प्रकाशन
- कक्षा ५ का पाठ्यपुस्तकहरू परीक्षणका लागि प्रकाशन र वितरण
- कक्षा ३ का पाठ्यपुस्तकहरूको अन्तिम रूप प्रदान
- कक्षा ४ का सबै विषयका शिक्षक निर्देशिका विकास
- बालज्ञान कोष विकास, प्रकाशन र वितरण
- ४ ओटा मातृभाषाका पाठ्यपुस्तक विकास, प्रकाशन र वितरण
- द्वैभाषिक शिक्षा कार्यक्रमका लागि १० ओटा पाठ्यपुस्तक अनुवाद र ३ भाषाका ९ ओटा सन्दर्भ सामग्री विकास, प्रकाशन र वितरण
- चित्र बैङ्क स्थापना
- विज्ञान, गणित, सामाजिक अध्ययन, सिर्जनात्मक कला विषयको शिक्षक स्रोत सामग्री विकास
- मदरसा, गुम्बा र गुरुकुल शिक्षा पाठ्यक्रमको विकास
- कक्षा ६-८  का पाठ्यक्रम परिमार्जन
- राष्ट्रिय पाठ्यक्रम प्रारूप प्रबोधीकरण
- समावेशी शिक्षा अनुकूलका पाठ्यपुस्तक विकासका लागि लेखक र विषय समितिका सदस्यहरूलाई अभिमुखीकरण
- कक्षा १० का अद्यावधिक पाठ्यक्रमअनुसारको ग्रिड विकास, प्रकाशन र वितरण
- पाठ्यक्रम विकास केन्द्रको वेभ पेज अद्यावधिक
- सामाजिक शिक्षाको पाठ्यसामग्रीको प्रभावकारिता अध्ययन
- संस्थागत विद्यालयहरूमा पाठ्यसामग्रीको प्रयोगको अवस्थासम्बन्धी अध्ययन
- पाठ्यक्रम विकास केन्द्रको पुस्तकालय सुदृढीकरण
- पाठ्यक्रम विकास केन्द्रमा केन्द्रीय स्रोत केन्द्र स्थापना ।

## परीक्षण पाठ्यक्रम पाठ्यपुस्तक अनुगमन फारामको नमुना

पाठ्यक्रम विकास केन्द्रले परीक्षणमा रहेका पाठ्यक्रम पाठ्यपुस्तकले सुधारका लागि शिक्षक, विद्यार्थी, अभिभावक एवम् अन्य सरोकारवालाबाट सुझाव, सङ्कलन गर्ने उद्देश्यले तल उल्लेख भएअनुसारको अनुगमन फारामको विकास गरी पृष्ठपोषण सङ्कलन गर्ने गरेको छ । उक्त फारामअनुसार अनुगमन गरी सुझाव पठाइदिनु हुन सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो फाराम प्रकाशित गरिएको छ ।

# परीक्षण पाठ्यक्रम पाठ्यपुस्तक अनुगमन फाराम

विद्यालयको नाम : ठेगाना :

जिल्ला : कक्षा : विषय :

१. यस पाठ्यपुस्तकले उपर्युक्त कक्षाका लागि निर्धारण गरिएका सबै सिकाइउपलब्धि समेटेको छ ?

छ ( ) छैन ( )

सिकाइउपलब्धिअनुसार नभएका पाठहरू कारण

२. यस पाठ्यपुस्तकमा दिइएका विषयवस्तुहरू कत्तिको पर्याप्त छन् ?

पर्याप्त ( ) ठीकै ( ) अपर्याप्त ( )

(क) अपर्याप्त भए केकस्ता विषयवस्तुहरू कुनकुन पाठ/ एकाइमा थप्नुपर्ला ?

पाठ/एकाइ थप्नु पर्ने विषयहरू

(ख) यदि कक्षा तथा विद्यार्थीको स्तरअनुसार विषयवस्तुहरू बढी छन् भने कुन पाठ/एकाइबाट हटाउनुपर्ला ?

पाठ/एकाइ हटाउनु पर्ने विषयहरू

३. यस पाठ्यपुस्तकमा दिइएका पाठहरू विषयवस्तुहरूको प्रस्तुतिको क्रम कस्तो छ ?

ठीक छ ( ) सुधार्नुपर्ने छ ( )

सुधार्नुपर्ने भए कुन पाठ/विषयवस्तु कुनपछि आउनुपर्छ ? तल क्रमैसँग लेख्नुहोस् ।

पाठ / विषयक्रम

...................................................................................................

४. यस पाठ्यपुस्तकमा दिइएका शिक्षण निर्देशनबाट शिक्षण गर्न कतिको मद्दत मिलेको छ ?

धेरै ( ) ठीकै ( ) कम ( )

कम भए कुनकुन पाठहरूमा त्यस्तो छ, उल्लेख गर्नुहोस् :

...................................................................................................

५. यस पाठ्यपुस्तकमा विद्यार्थीहरूलाई गर्न भनिएका क्रियाकलापहरू उक्त कक्षाका विद्यार्थीको स्तरअनुसार कत्तिको उपयुक्त छ ?

धेरै ( ) ठीकै ( ) अपर्याप्त ( )

अपर्याप्त क्रियाकलापहरू कुनकुन हुन् उल्लेख गर्नुहोस् :

पाठ/क्रियाकलाप थप्नुपर्ने क्रियाकलाप

६. यस पाठ्यपुस्तकमा दिइएका उदाहरणहरू कत्ति पर्याप्त छन् ?

पर्याप्त ( ) ठीकै ( ) अपर्याप्त ( )

कुन कुन पाठका उदाहरणहरू अपर्याप्त छन् ?

पाठहरू कारण

७. पाठ्यपुस्तकमा अभ्यासका लागि दिइएका उदाहरणहरू विद्यार्थी स्वयम्ले पढी, गरी बुझ्नका लागि दिइएका हुन् । तसर्थ यस पाठ्यपुस्तकमा दिइएका उदाहरणहरू विद्यार्थी स्वयम्ले कति बुझ्न सकेको ठान्नुहुन्छ ?

धेरै ( ) ठीकै ( ) कम ( )

विद्यार्थीका लागि बुझ्न कम सहयोग गर्ने उदाहरणहरू कुनकुन पाठमा छन् ?

पाठ उदाहरण

८. यस पाठ्यपुस्तकमा दिइएका क्रियाकलापहरू कति पर्याप्त छन् ?

पर्याप्त ( ) ठीकै ( ) अपर्याप्त ( )

अपर्याप्त भएका अभ्यासहरू कुनकुन हुन् ?

पाठ थप अभ्यास / क्रियाकलाप

९. अभ्यास क्रियाकलापमा दिइएका निर्देशनहरू कत्तिको स्पष्ट छन् ?

स्पष्ट ( ) ठीकै ( ) अस्पष्ट ( )

अस्पष्ट भएका निर्देशनहरू कुनकुन अभ्यासमा छन् ? त्यसलाई कसरी स्पष्ट पार्दा राम्रो हुन्छ ?

अभ्यास / क्रियाकलाप अस्पष्ट निर्देशन तपाईंको सुझाव

१०. यस पुस्तकमा दिइएका अभ्यासहरूबाट थप अभ्यास/क्रियाकलापहरू बनाउन शिक्षकलाई कत्तिको सहयोग पुग्छ ?

धेरै ( ) ठीकै ( ) कम ( )

११. परिमार्जित पाठ्यक्रमअनुसार यस कक्षाको पाठ्यपुस्तकहरूले समेट्नु पर्ने विभिन्न पक्षहरूसँग सम्बन्धित कुराहरू तपाईंले शिक्षण गरेको अनुभवको आधारमा निम्न तालिकामा भर्नुहोस् :

| क्र.सं | पाठ्यपुस्तकका विभिन्न पाठहरू | सबै उपयुक्त भएका पाठ | केही अंश उपयुक्त भएका पाठ | उपयुक्त नभएका पाठ | उपयुक्त नहुनाका कारण |
|---|---|---|---|---|---|
| १. | पाठ्यवस्तु | | | | |
| २. | भाषाशैली | | | | |
| ३. | स्थानीय परिवेशसँगको अनुकूलता | | | | |
| ४. | लैङ्गिक समविकासका दृष्टिले उपयुक्तता | | | | |
| ५. | पिछडिएका जनजाति, दलित र अपाङ्ग विद्यार्थीका लागि उपयुक्तता | | | | |
| ६. | अन्य | | | | |

(क) विद्यार्थीको स्तरअनुसार यसमा भएका चित्रहरू कत्तिको उपयुक्त र सान्दर्भिक छन् ?

धेरै ( ) ठीकै ( ) कम ( )

अनुपयुक्त चित्रहरू कुनकुन हुन् ? (कुनकुन पाठमा छन् ?)

अनुपयुक्त चित्र पाठ कारण

१२. पाठ्यपुस्तकको भौतिक पक्ष

| क्र.सं. | भौतिक पक्ष | उपयुक्त छ | उपयुक्त छैन | उपयुक्त नहुनाको कारण |
|---|---|---|---|---|
| १. | पाठ्यपुस्तकको आकार | | | |
| २. | मुखपृष्ठ | | | |
| ३. | छपाइ | | | |
| ४. | सिलाइ | | | |
| ५. | कागजको गुणस्तर | | | |

१३. यस विषयका लागि पाठ्यक्रममा व्यवस्था गरिएको पाठ्यभार र विभिन्न पाठका लागि गरिएको घन्टी विभाजन र पाठहरूबीचमा सामञ्जस्यता छ ? खाली कोठामा ठीक ( √ ) चिह्नले सङ्केत गर्नुहोस् ।

(क) पाठ्यभारभन्दा पाठहरू बढी छन् । ( )

(ख) पाठ्यभारअनुसार नै पाठहरू राखिएका छन् । ( )

(ग) पाठ्यभारभन्दा पाठहरू कम छन् । ( )

१४. पाठ्यपुस्तकमा दिइएका निम्नलिखित विभिन्न पक्षहरू वास्तविकतासँग कत्तिको सान्दर्भिक छन् ?

| | धेरै | ठीकै | कम | छैन |
|---|---|---|---|---|
| पाठ्यवस्तु | | | | |
| क्रियाकलाप | | | | |
| उदाहरण | | | | |
| अभ्यास | | | | |
| चित्र | | | | |

१५. यस पाठ्यपुस्तकले विद्यार्थीहरूको सिर्जनात्मक विकास गराउन कत्तिको मद्दत पुऱ्याएको छ ?

धेरै ( ) ठीकै ( ) कम ( )

१६. यस पाठ्यपुस्तकका सम्बन्धमा तपाईंको धारणा/राय/सुझाव/प्रतिक्रिया दिनुहोस् ।

प्रधान सम्पादक : हरिबोल खनाल
सम्पादक मण्डल : शम्भुप्रसाद दाहाल, गणेशप्रसाद भट्टराई, विष्णुप्रसाद अधिकारी, दुरपदा सापकोटा
सहायक : सुमा श्रेष्ठ, अनिता मिश्र, लोकप्रकाश पण्डित
प्रकाशक : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर,
फोन नं. ६६३०५८८, ६६३४११९ फ्याक्स : ६६३०७९७ email: cdc@ntc.net.np . URL : www.moescdc.gov.np